(झ) योजना, परियोजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित, विवेकपूर्ण तथा कानुनसम्मत ढङ्गले व्यवस्थापन गर्ने ।

(ञ) अनुगमन तथा सुपरीवेक्षणका क्रममा देखिएका सकारात्मक वा नकारात्मक पक्षहरूको विश्लेषण गरी मूल्याङ्कन गर्ने/गराउने ।

(ट) विभागीय, वडास्तरीय र विषयगत समितिबाट हुने अनुगमनलाई बाधा नपुग्ने गरी दैनिक तथा आकस्मिक अनुगमन टोली गठन गर्न सक्ने ।

(ठ) तोकिएका अन्य कार्य गर्ने/गराउने ।

**५. वडास्तरीय अनुगमन समिति** : (१) महानगरपालिकाबाट वडा क्षेत्रभित्र सञ्चालित विकास योजनाहरूको निरन्तर अनुगमन तथा मूल्याङ्कन वडा तहबाट हुने छ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न प्रत्येक वडामा देहायबमोजिमको अनुगमन समिति रहने छ ।

(क) वडा समितिले तोकेको नियमनसम्बन्धी कार्य हेर्ने वडा सदस्य - संयोजक

(ख) वडामा कार्यरत प्राविधिक कर्मचारी - सदस्य

(ग) वडा समितिले तोकेको सम्वन्धित क्षेत्रको विज्ञ - सदस्य

(घ) वडा सचिवले तोकेको कर्मचारी - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा सम्बन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**६. वडास्तरिय अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क). वडाभित्र सञ्चालन हुने योजनाहरूको अनुगमन गर्ने ।

(ख) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूको कार्यको अनुगमन तथा नियमन गर्ने ।

(ग) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

(घ) उपभोक्ता समिति वा खरिद प्रक्रियाबाट वडा क्षेत्रभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरू सम्पन्न नभएसम्म कार्यान्वयनका विभिन्न चरणहरूमा स्थलगत रूपमा अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(ङ) आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आइपरेमा समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने, योजना तथा कार्यक्रमको सम्झौताबमोजिम कार्यतालिकाअनुसार कार्य भए/नभएको, कार्य स्थलमा सूचना पाटी राखे/नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग भए/नभएको, वास्तविक लाभान्वित हुने उपभोक्ताहरू लाभान्वित भए/नभएको आदि विषयमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(च) वडा कार्यलयमा प्रत्येक महिनाको कम्तीमा १ पटक योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी र सङ्घ सस्थाहरूको बैठक राखी योजना तथा कार्यक्रमहरूको प्रगतिका बारेमा समीक्षा गर्ने ।

(छ) योजना तथा कार्यक्रमको सम्झौता तथा कार्यतालिकाबमोजिम कार्य नभएको, कार्यस्थलमा सूचना पाटी नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग नगरेको, वास्तविक लाभान्वित हुने उपभोक्ताहरू लाभान्वित नभएको पाइएमा निर्माणकर्तालाई सुधार गर्न निर्देशन दिने ।

(ज) वडा स्तरमा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण गरी प्रतिवेदन पेस गर्ने ।

(झ) वडा स्तरमा सञ्चालित आयोजना तथा परियोजना कार्यक्रमको सुरु गर्दा र पछिको फोटो, कार्यस्थलमा राखेको सूचना पाटी वा व्यानरको फोटो ठिक दुरुस्त भए/नभएको अनुगमन गर्ने ।

(ञ) आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, निर्माण सामग्रीको व्यवस्थापन, सेवामा वृद्धि गराउनुपर्ने अवस्थाको सुपरीवेक्षण गरी जानकारी लिने ।

(ट) निर्धारित समय सीमा तथा गुणस्तर कायम गर्न सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा सङ्घ संस्थाको कार्य सम्पादन स्तर उच्च भएमा पुरस्कृत वा सम्मान गर्न महानगरपालिकामा सिफारिस गर्ने ।

(ठ) वडा स्तरमा सञ्चालन भएको कुनै आयोजनामा विवाद उत्पन्न भई समाधान हुन नसकेमा महानगरपालिकाको अनुगमन तथा मूल्याङ्कन समितिमा प्रेषित गर्ने ।

(ड) तोकिएका अन्य कार्य गर्ने/गराउने ।

७. **विषयगत समितिले अनुगमन गर्न सक्ने :** (१) कार्यपालिकाअन्तर्गत गठित विषयगत समितिले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा अनुगमन तथा सुपरीवेक्षण गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको विषयगत समितिले गरेको अनुगमनको प्रतिवेदन एकाइमा समेत पठाउनुपर्ने छ ।

८. **विभागले अनुगमन गर्ने** : (१) नगरसभाबाट स्वीकृत पदाधिकारी एवम् प्रशासनिक एकाइहरूको कार्य विवरणमा उल्लेख भएबमोजिम